# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

# नमोबुद्ध नगरपालिका

नगरपालिकाको कार्यालय, भकुण्डेबेसी

काभ्रे, वागमती प्रदेश, नेपाल

## १.पृष्ठभूमि

नेपालको संविधानमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अनुरुप विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । संविधानको प्रस्तावनामा नै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्ने, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने संकल्प गरिएको छ । त्यसैले नेपालको संविधानले दिशानिर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण ( लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । संविधानमा राज्यले सामाजिक वा साँस्कृतिक रुपमा पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्वन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था उल्लेख गरेको छ । समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पछाडीपारिएको क्षेत्रको अगुवाई तथा निर्णय प्रक्रियामा समान सहभागिताको प्रक्रियामा लाई सुनिश्चित गर्न आवश्यक देखिन्छ । सामाजिक समावेशीकरणका माध्यमबाट सबैले आत्मसम्मान बोध हुने वातावरण सृजना गर्न, यस गाउँपालिकाको नीति, संरचना, योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्दतिलाई संस्थागत गर्न, स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी

विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न नमोबुद्ध नगरपालिकाले प्रदेश सुशासन केन्द्र ललितपुरको सहयोगमा ‘‘लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९‘‘ तर्जुमा गरीएको छ ।

नमोबुद्ध नगरपालिका क्षेत्रभित्र अन्य विकास साभ्फेदारहरुवाट हुने कार्यक्रमहरुले आआफ्नो ढंगवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम तथा आयोजनाका लागि समेत मार्गदर्शन हुने गरि यस नमोबुद्ध नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएकोछ । यो रणनीतिका प्रमुख उपयोगकर्ता नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साभ्फेदारहरु हुनेछन् ।नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । संविधानमा राज्यले सामाजिक वा साँस्कृतिक रुपमा पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्वन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था उल्लेख गरेको छ । समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पछाडीपारिएको क्षेत्रको अगुवाई तथा निर्णय प्रक्रियामा समान सहभागिताको प्रक्रियामा लाई सुनिश्चित गर्न आवश्यक देखिन्छ । सामाजिक समावेशीकरणका माध्यमबाट सबैले आत्मसम्मान बोध हुने वातावरण सृजना गर्न, यस गाउँपालिकाको नीति, संरचना, योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्दतिलाई संस्थागत गर्न, स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग

दर्शन गर्न नमोबुद्ध नगरपालिकाले प्रदेश सुशासन केन्द्र ललितपुरको सहयोगमा "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९" तर्जुमा गरीएको छ ।

नमोबुद्ध नगरपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरुवाट हुने कार्यक्रमहरुले आआफ्नो ढंगवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम तथा आयोजनाका लागि समेत मार्गदर्शन हुने गरि यस नमोबुद्ध नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएकोछ । यो रणनीतिका प्रमुख उपयोगकर्ता नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु हुनेछन् ।

नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । संविधानमा राज्यले सामाजिक वा साँस्कृतिक रुपमा पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्वन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था उल्लेख गरेको छ । समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पछाडीपारिएको क्षेत्रको अगुवाई तथा निर्णय प्रक्रियामा समान सहभागिताको प्रक्रियामा लाई सुनिश्चित गर्न आवश्यक देखिन्छ । सामाजिक समावेशीकरणका माध्यमबाट सबैले आत्मसम्मान बोध हुने वातावरण सृजना गर्न, यस गाउँपालिकाको नीति, संरचना, योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्दतिलाई संस्थागत गर्न, स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न नमोबुद्ध नगरपालिकाले प्रदेश सुशासन केन्द्र

ललितपुरको सहयोगमा ‘‘लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९‘‘ तर्जुमा गरीएको छ ।

नमोबुद्ध नगरपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरुवाट हुने कार्यक्रमहरुले आआफ्नो ढंगवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वियन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम तथा आयोजनाका लागि समेत मार्गदर्शन हुने गरि यस  नमोबुद्ध नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएकोछ । यो रणनीतिका प्रमुख उपयोगकर्ता नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु हुनेछन् ।

## १.१ नगरपालिकाको परिचय

नमोबुद्ध नगरपालिका प्रदेश नं ३ काभ्रेपलाञ्चोक जिल्लामा रहेको छ । जिल्ला सदरमुकाम धुलीखेल देखि करिब २० कि.मि. को दुरी भकुण्डेबेंसीमा केन्द्र रहेको यस नगरपालिका साविकका ८ गा.बि.स. मथुरापाटी, फुलबारी, मेथिनकोट, कानपुर कालापानी, खनालथोक, पुरानोगाउँ दाप्चा, छत्रेबाँझ दाप्चा, डराउने पोखरी र श्यामपाटि सिमलचौर मिलाएर बनेको हो । यस नगरपालिकामा ऐतिहासिक स्थलहरु जस्तै नमोबुद्ध, दाप्चा, फुलवारी र भकुण्डेवेंसी लगायतका अधिकांस क्षेत्रमा कृषि, व्यपार र व्यवसायका प्रचुर सम्भावनाहरु रहेका छन् । विशेष गरी हिन्दु, बौद्ध र इशाई धर्माम्वलम्वीहरुको बसोबास रहेको यस नगरपालिकामा ब्राम्हण क्षेत्री र तामाङ्ग जातिको बाहुल्यता रहेको छ । यहाँका नगरबासीहरु कृषि, पशुपालन र व्यपारलाई मुख्य पेशाको रुपमा परापूर्वकालबाटै अँगाल्दै आएका छन् । यस नगरपालिकाका नगरवासीहरुले कृषि, पशुपालन र व्यपारलाई मुख्य पेशाको रुपमा अँगाल्दै आएका छन् । धुलिखेल, बनेपा र काठामाडौं उपत्यका समेतबाट नजिक रहेकोले यस नगरपालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा बढी खपत र बिक्रि हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरिय पहाडि धरातल रहेको यस नगरमा मानव बसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । यस नगरपालिकामा ११ वटा वडाहरुमा रहेका छन् । नगर प्रोफाइल अनुसार नगरमा ७६६४ घरधुरी तथा जनसंख्या ३९७१० रहेको देखिन्छ । जनसंख्याको हिसाबले महिला ४९.५% र पुरुष ५०.५% देखिन्छ । सबैभन्दा बढी ४१२९ घरधुरी अर्थात ५५.३ % जना पहाडी जनजातिहरुको बसोबास रहेको देखिन्छ । त्यस्तै

दोश्रोमा पहाडी ब्राह्मण तथा क्षेत्री/सन्यासी/ठकुरी २६४६ अर्थात ३५.५% रहेको देखिन्छ भने पहाडी दलित समुदायका घरधुरी ६८७ अर्थात ९.२ % घरधुरी रहेको छ ।

त्यस्तै नगर क्षेत्रमा शारिरिक अपाङ्ग २६८ जना मध्ये महिला १११ (४१.४%) र पुरुष अपाङ्ग १५७ (५८.६%) देखिन्छ । त्यसैगरी दृष्टिबिहिन महिला २२ र पुरुष पनि २२ प्रतिशतमा ५०/५०%, बोल्न र सुन्न नसक्ने (बहिरा) महिला ३५ (५६.५%) र पुरुष २७ (४३.५%), स्वर बोलाई सम्बन्धी अपाङ्गता (भक्भकें) महिला २१ (५१.२%) र पुरुष २० (४८.८%), मनोसामाजिक अपाङ्गता महिला २५ (४०.३%) र पुरुष ३७ (५९.७%) देखिन्छ ।

## २.अवस्था विश्लेषण

नमोबुद्ध नगरपालिको लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी छुट्टै नीति तर्जुमा भएको छैन । नमोबुद्ध नगरपालिको स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्गको न्यायोचित पहुँच सुनिश्चित हुन सकेको छैन । नगरपालिकामा सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कहरुको अभाव रहेको छ । नगरपालिकाले पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिकरूपमा सशक्तीकरण गर्न सकेको अवस्था छैन । नमोबुद्ध नगरपालिकाको शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सकेको छैन । नीति निर्माण तहमा महिलाको अर्थपुर्ण सहभागिता न्यून रहनु तथा नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु पनि प्रमुख समस्याका रुपमा रहेको छ । नगरक्षेत्रमा विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजाति बिच हुने व्यवहारगत विभेद पूर्ण रुपमा हट्न सकेको छैन । वाल विवाह, घरेलु हिंसा, लैंगिक हिंसा तथा यौनजन्य दुर्व्यवहार, लैंगिक बिभेद, सामाजिक असमानता लगायतका कुरितिहरु अझै पनि कायम हुन सकेको छैन ।

### २.१ नगरपालिकाको सवल, कमजोर, अवसर र चुनौती विश्लेषण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयारीको पहिलो चरण अवस्था विश्लेषण हो । विश्लेषणत्मक  विवरण देहायबमोजिम छ ।

**क. सवलपक्ष**

१. विभिन्न क्षेत्रगत ५८ वटा ऐन, नियमावली, कार्यविधि र निर्देशिका निर्माण भएको ।

२. अपाङ्गता परिचय पत्र वितरण कार्यविधि तयार भई कार्यान्वयन भएको ।

३. कानूनले तोके वमोजिम हरेक निकाय तथा समितिहरुमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको ।

४. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा स्थापना र सचालन भएको ।

५. नगर सभामा ४० प्रतिशत महिला सहभागिता तथा नगरपालिका कार्यालयमा ३९.८८ प्रतिशत महिला कर्मचारी रहेको ।

६.सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।

७.नगरपालिकाको कार्यालयमा स्तनपान कक्ष निमार्ण भई कार्यान्वयनमा रहेको ।

८. नगरपालिका कार्यालयको प्रशासकीय भवन र सौचालय अपाङ्गमैत्री भएको ।

९. नगरपालिका कार्यालयमा सेवा ग्राहिहरुलाई तातो पानी तथा कालो चियाको व्यवस्था गरिएको ।

१०. नगरपालिका कार्यालयमा ध्वनी सहितको नागरिक वडापत्रको व्यवस्था भएको ।

११. सबै बिद्यालयहरुमा वाल क्लब गठन भई क्रियाशिल रहेको ।

१२.नगरपालिकाको आफ्नो छुट्टै सेफ हाउस भएको र सो कार्यान्वयनका लागि वार्षिकरुपमा बजेट विनियोजन भई प्रभावकारी रुपमा संचालन भईरहेको ।

१३.सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गर्ने गरेको ।

**ख.कमजोर पक्ष**

१.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धित छुट्टै नीति, रणनीतिको निमार्ण नभएको ।

२.नगरपालिकाका नीति नियम कार्यविधि दिगदर्शन तयार गर्दा लक्षित वर्ग संग छलफल गर्ने नगरिएको र जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको वारे लेखाजोखा वा विश्लेषण गर्ने नगरिएको ।

३.लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेसी वजेट निर्माण एवम नियमित परीक्षणको अभ्यास नगरिएको ।

४. महिला तथा लक्षित वर्गका लागि निश्चित प्रतिशत वजेट विनियोजन गर्ने अभ्यास नगरिएको ।

५ योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको ।

६.अन्तरराष्ट्रिय प्रतिवद्धता, वेइजिङ घोषणापत्र, संवैधानिक तथा कानुनी व्यवस्थाहरुका सम्वन्धमा कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको ।

७. दीगो विकासका लक्ष्यहरुमा आधारित भई सोको स्थानीयकरण गरी बजेट विनियोजन नगरिएको ।

८.कार्यालयमा हुनसक्ने सबै प्रकारको दुर्व्यवहार, भेदभाव र महिला हिंसा नियन्त्रणको आचार संहिता हाल सम्म नबनेको ।.

९.लैससास सम्वन्धी सरोकारवाला निकाय विच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको ।

**ग. अवसर**

१. नगर क्षेत्रमा रहेका विभिन्न जातजाती, समुह र समुदायका नागरिकहरुबिच सामाजिक सद्भावको अवस्था रहेको ।

२. नगर क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा विभिन्न गैह्रसरकारी संघसंस्थाहरु  क्रियाशिल रहेको ।

३. महिला तथा लक्षित समुहसँग सम्वन्धित विभिन्न समूहहरु क्रियशिल रहेको ।

४. वालमैत्री नगरपालिका घोषणाका लागि तयारी प्रक्रियामा रहेको ।

**घ.    चुनौतीहरु**

१. लैङ्गिक विभेद, जातीय छुवाछुत, बोक्सीको आरोप,  घरेलु हिंसा लगायतका परम्परागत हानीकारक अभ्यासहरु समुदायमा व्यवहारमा रहेकोमा सो विरुद्ध नीति, नियम र कार्यविधि कार्यान्वयनमा जटीलता रहेको ।

२.गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न चुनौती रहेको छ ।

३. प्रविधिका आधारमा हुने हिंसा र दुर्व्यवहारहरुको सम्वोधन तथा सामाजिक सञ्जाल मार्फत हुने गलत सुचना प्रवाहहरुको रोकथाम ।

## २.२ सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने, दोश्रो माद्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ ।

| पहिलो प्राथमिकताका सरोकारवालाहरु | दोश्रो प्राथमिकताका सरोकारवालाहरु | तेश्रो प्राथमिकताका सरोकारवालाहरु |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | विद्यालयहरु | महिला आयोग |
| प्रशासन शाखा | गैह्रसरकारी संस्थाहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | स्वयम सेवक समूहहरु | मुस्लीम आयोग |
| नगर कार्यपालिका | उद्योग वाणिज्य संघ | राष्ट्रिय योजना आयोग |
| नगर सभा | राजनैतिक दलहरु | मानव अधिकार आयोग |
| न्यायिक समिति | संचार माध्महरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

नोटः नमोबुद्ध नगरपालिकाले बार्षिक रुपमा यो नीतिको पुनरावलोकन गरी आवश्यकत थपघट गर्नेछ ।

## २.३. लक्षित वर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु तथा विकासको प्रतिफल समानरुपले उपभोग गर्ने वातावरण तयार गर्नु हो । यस नगरपालिकामा देहाय वमोजिमका लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

१. महिला

२. एकल महिला

३. बालबालिका

४. जेष्ठ नागरिक

५. आदिवासी जनजाती

६. किसान

७. मजदुर

८. अपाङ्गता भएका व्यक्ति

९. विपन्न वर्ग

१०. पिछडिएको क्षेत्र र समुदाय

११. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट नगरपालिकाको वर्तमान अवस्थाका सवल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती पहिचान गरिएको छ । लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु पहिचान तथा लक्षित वर्गहरु पहिचान गरिएको छ । पहिचान भएका सवल पक्षहरुहरुलाई निरन्तरता दिंदै श्रोतको रुपमा परिचालन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालिन सोच (Vision)

न्यायपुर्ण र विभेदमुक्त, लैङ्गिक तथा सामाजिक समावेशीयुक्त नमोबुद्ध

## ४. ध्येय (Mission)

सबै प्रकारका विभेद तथा हिंसाको अन्त्य गरी समानता र समावेशिताका लागि सबै तह र तप्काका नागरिकको सहभागिताको प्रवर्द्धन गर्ने ।

## ५. लक्ष्य (Goal)

न्यायोचित तथा समतामुलक विकासको माद्यमवाट वन्चितीकरणमा परेका व्यक्ति, समुह, वर्ग तथा समुदायलाई मुलप्रवाहमा ल्याउने ।

## ६. उद्देश्य (Objectives)

यस रणनीतिको समष्टीगत उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवधारणा अनुसार नमोबुद्ध नगरपालिकाको नीति, संरचना, सेवा प्रवाह तथा अभ्यासलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री तथा उत्तरदायी वनाउनु हो । यस रणनीतिका विशिष्टीकृत उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१.लैङ्गिक उत्तरदायी बजेट मार्फत महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक उत्तरदायी शासन प्रणाली अवलम्वन गर्ने ।

२.श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी समावेशी र न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३.लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरुको स्थानीयकरण र कार्यान्वयन गरी सबै नागरिकहरुलाई मूलप्रवाहीकरण गर्ने ।

४.लैससासको अवधारणालाई संस्थागत गर्नका लागि नीतिगत तथा संरचनात्मक व्यवस्था गरी आवश्यक कार्यदिशा निर्दिष्ट गर्नु ।

५.संरचनागत तह तथा निर्णय प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, लोपोन्मुख, बन्चितिकरणमा परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा परिणाममा समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने ।

६.लक्षित वर्गको नेतृत्व, व्यक्तित्व तथा क्षमता विकास गर्दै सहभागिता सुनिश्चित गरी आर्थिक रुपमा सवल तथा जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।

७.परम्परागत मूल्यमान्यता, कुसंस्कार र अभ्यासहरु विरुद्ध जनचेतना अभिवृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्न सामाजिक अभियान संचालन गर्ने ।

८.अवसर, स्रोत साधन, सेवा, सूचना तथा सुविधाहरु र परिणाममा सबै वर्ग, क्षेत्र, समुह र समुदायको समानुपातिक पहुँच, वितरण र नियन्त्रणको सुनिश्चितता गर्ने ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

माथि उल्लेखित उदेश्यहरु परिपूर्तीको लागि देहायका नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा आर्थिक विकास, सामाजिक विकास¸ पुर्वाधार विकास¸ वन तथा वातावरण र संगठन तथा संस्थागत विकास विषय क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने

२. वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने र परीक्षणको आधारमा तयार भएको कार्ययोजना कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रममा बजेट सुनिश्चित गरी श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौतव, प्रतिवद्धता तथा दिगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

४. लैससासलाई संस्थागत गर्न आवश्यक कानुन, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने तथा नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला, वालवालिका, जेष्ठ नागरिक तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

१०. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलाप संगै छलफल तथा वहस गर्ने ।

११. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई लगाएत समाजिक विकासका क्षेत्रहरुमा लैससास संग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्वन गरिनेछ:

## ८.१ मूल प्रवाहिकरण

१. महिला, गरिब तथ बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

२. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमवाट लैंगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

## ८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

## ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षहरुका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरी स्थानीयकरण गर्ने ।

## ८.४ सशक्तिकरण

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक सशक्तिकरणका कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ख स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

## ८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण बारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल ९त्रच्चयकक अगततष्लन ष्ककगभ० को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना

क. संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने । नगरले निर्माण गर्ने सबै ऐन कानून कार्यविधिहरुमा व्यवस्था भए बमोजिमका संस्थागत संरचनाहरुमा महिला तथा बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समिति गठन, परिचालन र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार संस्था, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह  लगायत अन्य संस्थाहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि नगरपालिका भित्र विभिन्न शाखा तथा अन्य विकास साझेदारहरु, बैक वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था विच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह  लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

क. बन्चितकरणमात परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्मका हरेक चरणमा वस्ती स्तर देखी सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

क. बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु जसले आफनो संरक्षण आफै गर्न सक्दैनन ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन मूल्याङ्कन

क. अनुगमन मूल्याङ्कन कार्यविधि मा लैससास मैत्री सुचक सममावेश गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

| क्र. सं. | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुष्टाईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १. | लैङ्गिक उत्तरदायी बजेट मार्फत महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक उत्तरदायी शासन प्रणाली अवलम्वन गर्ने ॥ | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास ,पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, नगर विकास, शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने | लैङ्गिक उत्तरदायी बजेट मार्फत महिला तथा बालिकाको शसक्तिकरण गरी सवै क्षेत्रमा महिलाहरु को सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १.लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने ।<br><br>२. वस्ती तथा वडा बाट योजना संकलन तथा प्राथमिकिकरण गर्ने प्रकृयमा लक्षित बर्गको सहभागिता सुनिश्चित गर्ने ।<br><br>३.लैङ्गिक उत्तरदायी बजेट तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br><br>४. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br><br>५.लैङ्गिक उत्तरदायी बजेट तर्जूमा | १.वार्षिक वजेटमा कम्तीम ३५ प्रतिशत पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br><br>२..लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br><br>३.योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता भएको | १.वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br><br>२.योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br><br>३.कार्यपालिका का वैठकका निर्णयहरु<br><br>४.सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने । | हुनेछ ।<br><br>४.लैङ्गिक उत्तरदायी बजेट हेर्ने सुचना प्रणालीको विकास भएको हुनेछ । | |
| २. | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी समावेशी र न्यायोचित वितरणलाई संस्थागत गर्ने । | वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने र परीक्षणको आधारमा तयार भएको कार्ययोजना कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रममा बजेट सुनिश्चित गरी श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | आर्थिक र सामाजिकरुपले पछाडि परेका समुदाय र व्यक्तिहरूको सशक्तीकरण र समतामूलक विकासको माध्यमबाट नमोबुद्ध नगरपालिकाका सबै विषयक्षेत्र तथा संरचनामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सहभागिता सुनिश्चित गर्ने । | १.लक्षित वर्गको खण्डिकृत विवरण संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने<br><br>२.कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने ।<br><br>३.जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने ।<br><br>४.संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो | १.लक्षित वर्गको वस्तुगत खण्डिकृत विवरण वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br><br>२.कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br><br>३.लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br><br>४.उपभोक्ता समिति, | १.वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br><br>२आवधिक योजना<br><br>३.योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br><br>४.कार्यपालिका का वैठकका निर्णयहरु<br><br>५.सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | प्राथमिकतामा राखेर गर्ने<br><br>५.राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्ग लाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने<br><br>६.महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका ( व्यवहारिक आवश्यकता पुरा हुन) कार्यक्रममा बजेट विनियोजन गर्ने । | कार्यदल हरुमा कम्तिमा ३५ प्रतिशत लक्षित वर्गको सहभागिता भएको हुनेछ<br>५.लक्षित वर्गको लागि लोकसेवा आयोग पुर्वतयारी, शिक्षा सेवा आयोग सम्बन्धी कक्षा हरु संचालन भएको हुनेछ । | ६. लोकसेवा आयोग पुर्वतयारी, शिक्षा सेवा आयोग सम्बन्धी कक्षाको हाजिरी |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरुको स्थानीयकरण र कार्यान्वयन | महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु त्था दिगो विकासका लक्ष्य लाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | लैससास सम्बन्धित अन्तराष्ट्रिय सन्धि, संझौता, प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका वारेमा जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने । साथै नमोबुद्ध नगरपालिकामा स्थानीयकरण गरी लागू गर्ने । | १. दिगो विकासका लक्ष्य का १७ वटा लक्षहरु स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई अभिमूखीकरण गरि नगरको सुचक तयार गर्ने ।<br><br>२.अभिमुखीकरण पश्चात स्थानीयकरण गरीएको दिगो विकासका लक्ष्यहरु प्राप्तीका लागि वार्षिक कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने । | १. दीगो विकास लक्ष्य, वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धी र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी | १.अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरण को उपस्थितितथा माइन्युट ।<br><br>२.वार्षिक नीति कार्यक्रम तथा बजेट<br><br>३.कार्यान्वयनक ालागि वनेका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरी सबै नागरिकहरुलाई मूलप्रवाहीकरणा गर्ने । | | | ३.आवश्यक कानून तथा कार्यविधि तयार गर्ने ।<br><br>४.बेइजिङ सम्मेलनका १२ वटा कार्य क्षेत्रका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजनातर्जुमा गर्ने<br>५.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा गर्ने । | महासन्धीमा अभिमुखीकरण भएको हुनेछ ।<br><br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br><br>३.स्थानीयकरण भएका सन्धि संझौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | कार्यविधिहरु<br><br>४.कार्यपालिका तथा सभाका निर्णयहरु ।<br><br>४.नीतिकानून मा नै महिला तथा लक्षितवर्गको समावेशिता सुनिश्चित गर्ने । |
| ४. | लैससासको अवधारणालाई संस्थागत गर्नका लागि नीतिगत तथा संरचनात्मक व्यवस्था गरी आवश्यक | १.लैससासलाई संस्थागत गर्न आवश्यक कानुन, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने तथा नगरपालिकाले निर्माण गरेका सवै कानून, | लैससास नीति, योजना, कार्यक्रमको प्रभावकारी कार्यान्यवन, अनुगमन तथा मुल्यांकनको सुनिश्चितता गर्ने | १.पालिकामा लैससासको मुलप्रवाहीकरणका लागि आवश्यक नयाँ ऐन, कानुन, नीति, मापदण्ड तथा कार्यविधीहरुको तर्जुमा गर्ने ।<br><br>२.कानुन, नियमावली, कार्यविधीहरु तयार गर्दा जनप्रतिनिधि, कर्मचारी तथा लक्षित वर्गहरुसंग छलफल | १.लैंगिक समानता र सामाजिक सामाजिकरण सम्बन्धित निति कानून तयार भएको हुनेछ ।<br><br>२. विगतमा वनेका | १.नमोबुद्ध नगरपालिकाको स्थानीय राजपत्र तथा वेवसाइड<br>२.कानून विश्लेषणका लागि कार्यदल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यदिशा निर्दिष्ट गर्नु । | नीति नियम, निर्देशिका कार्यविधिहरु लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | | गरी तयार गर्ने । ३.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने । ४..लैससास सम्बन्धी संघ, प्रदेश तथा नगरपालिकाको कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने । | कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन । ३. कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन । | गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका ३.वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका ४. कार्यविधि अनुसार तयार भएका संरचनाहरुको निर्णय पुस्तिका |
| ५. | संरचनागत तह तथा निर्णय प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, | १.लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने । २.वार्षिक बजेट तर्जुमामा छुट्टै कोष | १.सामाजिक समावेशीकरणको अवधारणालाई नगरपालिकाको सबै विषयक्षेत्रमा संस्थागत गरी महिला तथा बन्चितिकिरणमा परेका वर्गलाई विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने । २.सबै वडा र विभिन्न शाखाहरु बीच समन्वय गरी | १. महिला बालबालिका शाखामा लैससास डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने २. महिला, दलित, जनजाती, तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी लैससास कार्यदल गठन तथा शाखा स्थापना गर्ने । ३.नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरण प्रवद्धन आचार संहिता निर्माण गरी | १.महिला बालबालिका शाखामा जनशक्ति सहित लैससास डेस्क स्थापना भएको हुनेछ २.लक्षित वर्ग विकासका लागि लैससास कार्यदल गठन भएको हुनेछ। | १.कार्यपालिका का निर्णय पुस्तिका २.विशेष कार्यदलको बैठकको निर्णय प्रतिलिपि ३.महिला पुरुष समविकास कार्यनीति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लैङ्गिक तथा यौनिक अल्पसँख्यक, लोपोन्मुख, बन्चितिकरणमा परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा परिणाममा समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने । | स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमताा वकासका कृयाकलापहरु संचालन गरि महिलापुरुष समविकासलाई वढावा दिने । | योजना तर्जूमा, बजेट विनियोजन, नेतृत्व छनौट तथा परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्रीवनाउदै लैजाने । | लागु गर्ने<br>४.लैससासको दृष्टिकोणबाट लक्षित समुदायको आवश्यकता पहिचान गरी पालिकाले आवश्यकताका क्षेत्रलाई प्राथमिकतामा राखी बार्षीक, आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गर्ने ।<br>५. लैससास सम्बन्धी सूचना एवम सचेतना मूलक सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>६.उपभोक्ता समिति गठन तथा परिचानलमा महिलाहरुको अर्थपूर्ण सहभभगिता सुनिश्चित गर्ने ।<br>७.लक्षित समुदायका ब्यक्तिहरुको खष्डिकृत तथ्याङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधीक गर्ने । | ३.लैससास प्रवद्ध आचार संहिता निर्माण भएको हुनेछ ।<br>४.लैससास सम्बन्धी सचेतनामुलक ब्रसर तथा रेडियो टेलिभिजनकार्यक्रम संचालनभएको हुनेछ ।<br>५.लक्षित समुदायको ब्यक्तिहरुको खष्डिकृत तथ्याङ्क तयार भई नियमित रुपमा अध्यावधीक भएको हुनेछ । | ४.ब्रुसर रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |
| ६. | लक्षित वर्गको नेतृत्व, | १. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला, | १. लक्षित वर्गको क्षमता अभिवृद्धि तथा सीप विकास | १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता | १.वार्षिक नीति कार्यक्रम तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यक्तित्व तथा क्षमता विकास गर्दै सहभागिता सुनिश्चित गरी आर्थिक रुपमा सवल तथा जीविकोपार्जन मा आत्मनिर्भर वनाउने । | वालवालिका, जेष्ठ नागरिक तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने । | गरेर आर्थिक क्रियाकलापमा समावेश गर्दै आत्म निर्भर वनाउने । | २.पालिकाले आयोजना गर्ने सबै तालीमहरुमा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अनिवार्य सत्रकोरुपमा समावेश गर्ने नीति वनाउने ।<br>३.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>४.लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>५.कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा वालवालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२.मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३.लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ | बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहार विरुद्ध निर्णय भएका माइन्यूटहरु |
| ७. | परम्परागत मूल्यमान्यता, कुसंस्कार र अभ्यासहरु विरुद्ध जनचेतना अभिवृद्धि गरी | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलाप संगै छलफल तथा वहस गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा हानिकारक अभ्यास विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue)) को रुपमा छलफल | १.लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता लिने र सो कार्यान्वयनमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२.हिंसा प्रभावित तथा बेचविखनमा | १.सामाजिक कुरीति हरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२.हिंसा प्रभावितहरुका लागि | १.वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२.श्रव्य दृष्य सामाग्री हरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामाजिक दृष्टिकोण परिवर्तन गर्न सामाजिक अभियान संचालन गर्ने । | | तथा वहस गर्दै लैजाने । | परेका व्यक्तीहरुका लागि आस्रय वा सेवा केन्द्र स्थापना गर्ने<br><br>३.सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br><br>४.सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br><br>५.सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br><br>३.वडा स्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | ३.सामाजिक संजाल मा गरिएका पोष्टहरु<br><br>४.प्रत्यक्ष अवलोकन (सेवा केन्द्र) |
| ८.. | अवसर, स्रोत साधन, सेवा, सूचना तथा सुविधाहरु र परिणाममा सबै वर्ग, क्षेत्र, समुह र समुदायको समानुपातिक पहुँच, वितरण र नियन्त्रणको सुनिश्चितता | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई लगाएत समाजिक विकासका क्षेत्रहरुमा लैससास संग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १..शिक्षण अभ्यास संगै निश्चित निरक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br><br>२ महिला, वालवालिका,.यौनिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तीहरुका लागि विद्यालयमा लागि आवश्यक सुविधा सहितको शौचालय निर्माण गर्ने<br><br>३.स्वरोजगारका लागि तथा वैदेशिक रोजगारीमा जान लागेका व्यक्तिहरुको सुचना संकलन गरी | १. संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन<br><br>२.महिला, वालवालिका,.यौनिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तीहरुका लागि विद्यालयमा आवश्यकता अनुसारको | १.वार्षिक प्रगती प्रतिवेदन<br><br>२.तालीम सम्पन्न प्रतिवेदन<br><br>३.कार्यपालिका निर्णयहरु<br><br>४.सभाका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने । | | | आवश्यक तालीम प्रदान गर्ने ।<br><br>५.विपन्न परिवार स्वास्थ्य वीमाका लागि आवश्यक वजेट विनियोजन गरी स्वास्थ्य वीमा कार्यक्रम संचालन गर्ने<br><br>६.सार्वजनिक भवनहरुको ड्रइङ डिजाइनमा स्तनपान कक्षको ड्रइङ अनिवार्य गर्ने र सोही अनुसार निमार्ण कार्य भए नभएको सुनिश्चित गर्ने ।<br><br>७.कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजनिक सुनुवाइ, समाजिक परिक्षण तथा नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने<br><br>९.लैससास सूचक सहितको अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गर्ने, कार्यविधि अनुसार अनुगमन गर्ने । | सौचालयको व्यवस्था भएको हुनेछ ।<br><br>३.स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | ५.अनुमगन मुल्याङ्कन सुचक सहितको फारमहरु |

## १०. वित्त व्यवस्थापन

उल्लेखित रणनैतिक कृयाकलापहरु संचालनका लागि वित्तिय व्यवस्थापन निम्नानुसार गरिनेछ:

क. लक्षित वर्ग विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गरिने छ ।

ख. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गरिने छ ।

ग. नगर क्षेत्रमा कार्यरत विकास साझेदार तथा नागरिक संस्थाहरुलाई वार्षिक कार्यक्रम तयार गरी नगरपालिका संग सहकार्यतामा कार्यक्रम गर्न गराउन अभिप्रेरित गरिनेछ ।

घ संङ्घीय तथा प्रादेशिक मन्त्रालयहरु तथा निकायहरुबाट लैससास विषयसँग सम्वन्धित भई प्राप्त हुने सशर्त बजेटहरुको प्रयोग गरिनेछ । यसका साथै संङ्घीय तथा प्रादेशिक मन्त्रालयहरुको लक्षित विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेटका लागि परियोजना प्रस्तावना पेश गरी श्रोत प्राप्त तथा परिचालन गरिनेछ ।

ङ. सरकारी तथा विकास साझेदारहरु संस्था तथा निकायहरुसंग समन्वय गरी बजेट व्यवस्थापन गरिने छ ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्ने छ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि नगरपालिकाले यो रणनीति पारित भएको ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । कार्यपालिकाबाट यो रणनीति स्विकृत भएपछि कार्यविधिहरुको आवश्यकता नपर्ने शिर्षकहरुसँग सम्वन्धित प्रावधानहरु स्वत कार्यान्वयन हुँदै जाने छ ।

## १२. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी नगर प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको) हुनेछ । सवै शाखा तथा वडा कार्यालयहरुले कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको व्यवस्थापन गर्नेछन् । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुखको हुनेछ । आवश्यकता अनुसार विषय विज्ञहरुको परामर्शमा रणनीति कार्यान्वयनमा थप आवश्यक विषयहरु पहिचान गरी कार्यान्वयन गर्न सकिनेछ । नगरपालिका क्षेत्रमा कार्यरत सवै संघ संस्था

तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ। रणनीतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाइने छ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. यो रणनीति कार्यान्वयनको लागि मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिनेछ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ।

ख. नगर क्षेत्रमा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा प्रतिवेदन लैससासको दृष्टिकोणले समेत विश्लेषण गरी पेश गर्न उत्प्रेरित गरिनेछ।

ग. नगरपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास महाशाखा अन्तर्गत  लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ। रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गरि सम्बन्धीत पक्षलाई सुझाव प्रदान गरिनेछ । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गरिनेछ।

## १४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र  प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा कम प्राथमिकता पर्न सक्छ।

ख.  लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएतापनि बहुसरोकारवालाहरुको समन्वय र प्राथमिकतामा नपर्न सक्दछ।

ग.  विषयगत शाखा तथा अन्य सरोकारवालाहरुविच लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनमा अन्यौल तथा दोहोरोपना हुनसक्छ।

## १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गरिने छ।

ख. बहुपक्षीय सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यता बढाइने छ।

ग.कार्यपालिका वैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्यहरुको समिक्षा तथा समिक्षाका सुझावहरुको कार्यान्वयन गरिने छ।

## १५ निश्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरु त्था दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ। नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा परेको छ त्यसैले अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ। यसरी निश्चित समयसम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अभियानले सार्थकता पाउन सक्दछ।